# स्थानीय राजपत्र

## मिर्चैया नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ९ संख्या २ बैशाख १५ गते २०८३**

**भाग - २**

**मिर्चैया नगरपालिका,**

**रामनगर, मिर्चैया, सिरहा**

**सूचना नं. २**

**" मिर्चैया नगरपालिका शैक्षिक गुठी दर्ता सम्बन्धि कार्यविधि -२०८३"**

**कार्यपालिका बाट स्वीकृत मिति : २०८३ । ०१ । ११ गते**

**प्रस्तावना :** मिर्चैया नगरपालिका अन्तर्गत स्थापना गरिने नयाँ संस्थागत, सामुदायिक (धार्मिक समेत) विद्यालयलाई गुठीमा दर्ता गरी कक्षा सञ्चालनको अनुमति र थप कक्षा सञ्चालन अनुमति प्रदान गर्न वाञ्छनीय भएकोले शिक्षा ऐन, २०२८ को दफा ३ तथा शिक्षा नियमावली, २०५९ को नियम ११ र स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३, दफा ११, उपदफा (२) को खण्ड (ज) को उपखण्ड (२ ) बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १०२ को उपदफा २ तथा मिर्चैया नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० दफा ४ ले दिएको अधिकार प्रयोग गरी मिर्चैया नगर कार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "शैक्षिक गुठी दर्ता सम्बन्धी कार्यविधि-२०८३" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भए पश्चात स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि नगरपालिका भित्र लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "नगरपालिका" भन्नाले मिर्चैया नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ लाई सम्झनु पर्दछ । सो शब्दले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० समेतलाई जनाउँछ ।

(ग) "प्रमुख" भन्नाले मिर्चैया नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "उप-प्रमुख" भन्नाले मिर्चैया नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मिर्चैया नगरपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले शिक्षा ऐन, २०२८ बमोजिम गठन भएको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ र सो शब्दले "शैक्षिक गुठी दर्ता समिति" समेतलाई जनाउँदछ ।

(छ) "सामाजिक विकास समिति संयोजक" भन्नाले नगरपालिकाको सामाजिक विकास समितिको संयोजकको रुपमा जिम्मेवार प्रदान गरिएको व्यक्ति सम्झनु पर्दछ ।

(ज) "शाखा प्रमुख" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

(झ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा संगठित संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्दछ । सो शब्दले धार्मिक गुठी (मदरसा) समेतलाई जनाउँदछ ।

## परिच्छेद -२

## शैक्षिक गुठी दर्ता सम्बन्धी व्यवस्था

**३. शैक्षिक गुठी दर्ता प्रक्रिया :** (१) शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न चाहेमा कुनै पनि नेपाली नागरिक वा कुनै संगठित संस्थाले देहायको विवरणहरु खुलाई वडा कार्यालयको सिफारिस सहित

अनुसूची-१ बमोजिमको ढाँचामा नगर शिक्षा शाखामा अनुमतिको लागि (शैक्षिक सत्र शुरु हुनु भन्दा ३ महिना पहिले ) तोकिएको कागजात सहित निवेदन पेश गर्नु पर्नेछ ।

(क) विधान समितिबाट पारित शैक्षिक गुठीको विधान,

(ख) शैक्षिक गुठी सञ्चालकको नाम र निजको मञ्जुरी सम्बन्धी लिखतको प्रतिलिपि,

(ग) शैक्षिक गुठी स्थापना गर्न कुनै लिखत भएको रहेछ भने त्यस्तो लिखतको प्रतिलिपि,

(घ) शैक्षिक गुठी संस्थापकको पहिचान सम्बन्धी विश्वसनीय लिखत र कुनै संगठित संस्था गुठीको संस्थापक भए त्यस्तो संगठित संस्थाको स्थापना सम्बन्धी लिखतको प्रमाणित प्रतिलिपि र गुठी स्थापना सम्बन्धमा त्यस्तो संगठित संस्थाको निर्णयको प्रमाणित प्रतिलिपि,

(ङ) विधानलाई सभाबाट समेत पारित गर्नुपर्नेछ ।

(२) शैक्षिक गुठी सम्बन्धी विधानमा देहायका कुराहरु खुलाएको हुनुपर्नेछ ।

(क) विद्यालयको नाम र ठेगाना (प्रस्तावना,संस्थाको कार्यालय,कार्यक्षेत्र, अस्तित्व, परिभाषा)

(ख) शैक्षिक गुठीको संस्थापकको नाम र ठेगाना,

(ग) गुठीको उद्देश्य र प्रकृति (उद्देश्य प्राप्त गर्न गर्ने कार्यहरु),

(घ) शैक्षिक गुठीको गुठीयार (सदस्यताको प्रकार, योग्यता, सदस्यता प्राप्त गर्ने विधि, सदस्यताको समाप्ति) तथा गुठीयारहरुको मुख्य भई काम गर्ने व्यक्तिको नाम, ठेगाना, नियुक्ति प्रक्रिया, कार्यकाल र उत्तराधिकारी तोक्ने व्यवस्था । तर सार्वजनिक शैक्षिक गुठीको हकमा उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृती लिनुपर्नेछ ।

(ङ) गुठीयार (पदाधिकारीहरु : अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सदस्य) को काम, कर्तव्य र अधिकार एवं निजहरुले पाउने सुविधा),

(च) साधारण सभा, (साधारण सभाको काम, कर्तव्य र अधिकार) कार्यसमिति गठन तथा बैठक, ( कार्य समितिको काम, कर्तव्य, अधिकार, पद त्याग गर्ने र अन्य समिति सम्बन्धि व्यवस्था)

(छ) शैक्षिक गुठीमा रहेको जग्गा, जमिन, आम्दानी, ऋण तथा अन्य सम्पत्तिको विवरण,

(ज) गुठीको सम्पत्ति (कोष), कोषको रकम प्रयोग गर्ने विधि र खाता सञ्चालन प्रक्रिया,

(झ) गुठीको लेखा र लेखापरीक्षण,

(ञ) निर्वाचन, विधान संशोधन सम्बन्धि व्यवस्था (निर्वाचन सम्बन्धि व्यवस्था, उम्मेदवारको योग्यता, अविश्वासको प्रस्ताव, अविश्वासको प्रस्ताव माथि निर्णय, विधान संशोधन, नियम बनाउन सक्ने, कर्मचारी सम्बन्धि व्यवस्था)

(ट) गुठी सञ्चालकको पदावधि तोकिएको भए त्यसको विवरण,

(ठ) गुठीको खारेजी वा अन्त्य भएमा सो को परिणाम,

(ड) गुठीको सम्पत्ति सञ्चालन, व्यवस्थापन तथा अनुगमन सम्बन्धी व्यवस्था,

(ढ) अन्य आवश्यक कुराहरु (गुठीको छाप र चिन्ह, विधान, रोहवर, तदर्थ समिति )

(ण) शैक्षिक गुठीमा सञ्चालन हुने विद्यालयको भवन तथा जग्गा,जमिनको स्वामित्व वा करार सम्झौता,

(ट) कर्मचारी सम्बन्धी व्यवस्था र कर्मचारीको सेवा सुविधा ।

(३) उपदफा (१) बमोजिम शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्नको लागि निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट गुठीको विधान सहित आवश्यक कागजात पूर्ण रहे नरहेको जाचँबुझ गरी राय सहित नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ ।

(४) समितिले पेश भएको कागजात जाँचबुझ गरी आवश्यक ठानेमा सो गुठीको अवलोकन, निरीक्षण समेत गरी गुठी अन्तर्गत विद्यालय खोल्न अनुमति दिने/नदिने निर्णय गर्नेछ ।

(५) उपदफा (१) बमोजिम पेश भएको निवेदन उपर जाचँबुझ गर्दा विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको सिफारिसमा स्वीकृति दिन सक्नेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएको सो भवन वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

तर कुनै व्यक्ति वा संस्थाले निजी गुठीको रुपमा विद्यालय सञ्चालन गर्ने गरी कुनै विद्यालयलाई भवन वा जग्गा दान दातव्य दिएमा त्यस्तो विद्यालय निजी गुठीको रुपमा सञ्चालन गर्न सकिनेछ ।

**४. गुठी दर्ता गर्नु पर्ने :** दफा (३) बमोजिम गुठी दर्ता गर्न निवेदन पर्न आएमा शिक्षा शाखाले गुठीको उद्देश्य र गुठी स्थापना गर्न प्रस्ताव गरिएको विवरण सम्बन्धमा दफा ३ बमोजिमको प्रक्रिया पुरा गरेको

देखिएमा नगर शिक्षा समितिले निर्णय बमोजिम गुठी दर्ता गरी अनुसूची २ बमोजिम प्रमाणत्र दिनु पर्नेछ।

**५. गुठी दर्ता गर्न इन्कार गर्न सकिने :** (१) दफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा गुठी दर्ता गर्न इन्कार गर्न सक्नेछ ।

(क) दफा ३ बमोजिमको विवरण, कागजात पेश नभएमा,

(ख) गुठीको नाम त्यस्तो गुठी दर्ता हुनुभन्दा अगाडि नै दर्ता भइसकेको अन्य नामसँग मिल्ने भएमा,

(ग) गुठीको उद्देश्य वा शर्त सार्वजनिक हित, सदाचार, शिष्टाचार वा सार्वजनिक व्यवस्थाको कारणले अनुपयुक्त वा अवाञ्छित देखिएमा, कानून सम्मत नभएमा वा अस्पष्ट भई कार्यान्वयन गर्न सम्भव नहुने भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै गुठी दर्ता नहुने भएमा त्यसको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त भएपछि निवेदकले आवश्यक कुरा सच्याई पुनः गुठी दर्ता निवेदन गरेमा आवश्यक जाँचबुझ पश्चात दर्ता गर्न मिल्ने देखिए गुठी दर्ता गरी दफा ४ बमोजिम गुठी दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

**६. गुठीयार :** (१) सार्वजनिक शैक्षिक गुठीमा सम्बन्धित विद्यालयका संस्थापक/प्रधानाध्यापक र नगर शिक्षा समितिले तोकेको व्यक्ति तथा निजी गुठीमा सम्बन्धित विद्यालयको संस्थापक वा निजले तोकेको व्यक्ति पदेन गुठीयार हुनेछ ।

(२) सार्वजनिक शैक्षिक गुठीमा कम्तीमा पाँच जना र निजी शैक्षिक गुठीमा कम्तिमा ३ जना व्यक्ति गुठीयार हुनेछन् ।

(३) सार्वजनिक शैक्षिक गुठीको गुठीयारमा नगर शिक्षा समितिको प्रतिनिधि, नगर सभाका सदस्य र अभिभावकहरु मध्येबाट एक जना सदस्य राख्नु पर्नेछ ।

**७. गुठी सञ्चालकको अयोग्यता :** देहायको व्यक्ति गुठी सञ्चालक हुन योग्य हुने छैनन् :

(क) करार गर्न अयोग्य भएको,

(ख) आफ्नो जिम्मामा रहेको वा सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको,

(ग) भष्ट्रचारको कसूरमा अदालतबाट दोषी ठहरिएको,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको,

(ङ) गुठी सञ्चालन भएको सम्पत्तिको आफू मात्र हितग्राही भएको,

(च) गैर नेपाली नागरिक,

(छ) २१ वर्ष पूरा नगरेको,

(ज) चोरी, ठगी, किर्ते वा जालसाजी गरेको ठहर भएको ।

## परिच्छेद - ३

## शैक्षिक गुठी खारेजी प्रक्रिया

**८. शैक्षिक गुठी खारेजी प्रक्रिया :** (१) शैक्षिक गुठी दर्ता गरी नेपालको प्रचलित कानून बमोजिम उक्त गुठी सञ्चालनमा नभएको वा नगरिएको जानकारी नगरपालिकामा प्राप्त हुन आएमा नगर शिक्षा समितिले उक्त गुठीको अनुगमन, निरीक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन एवं निरीक्षणको क्रममा सो गुठी प्रचलित ऐन कानून विपरित सञ्चालन भएको पाईएमा नगरपालिकाले २ पटक सम्म सचेत गराउनेछ ।

(३) उपदफा (२) बमोजिम सचेत गराँउदा पनि अटेर गरेमा समितिले उक्त गुठी खारेज गर्न सक्नेछ । तर त्यसरी शैक्षिक गुठी खारेज गर्नु पूर्व सम्बन्धित गुठियारहरुलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौकाबाट वञ्चित गरिने छैन् ।

(४) सम्बन्धित गुठीका तर्फबाट कुनै शैक्षिक गुठी खारेजीका लागि निवेदन प्राप्त भएमा उक्त गुठीका दायित्वहरु भुक्तानी गरी कार्यालयले खारेजी प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

(५) शैक्षिक गुठीको उद्देश्य विपरित कुनै कार्य गरेमा समेत उक्त गुठीको खारेजी प्रक्रिया अगाडि बढाइनेछ ।

(६) शैक्षिक गुठी खारेजी सम्बन्धि अन्य व्यवस्था कानुनको अधिनमा रही शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ४

## विविध

**९. लेखापरीक्षण :** (१) शैक्षिक गुठीको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) शैक्षिक गुठीको लेखापरीक्षण मान्यता प्राप्त लेखापरिक्षक बाट प्रत्येक वर्ष गराउनु पर्नेछ ।

**१०. थप कक्षा अनुमति प्रक्रिया :** शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेको विद्यालयहरुले अन्य (कम्पनीमा सञ्चालित) संस्थागत विद्यालय सरह अनुमति प्रक्रिया पूरा गर्नुपर्ने छ ।

**११. गुठी विधान संशोधन र प्रमाणीकरण :** गुठी विधान समिति बाट संशोधन भई आएको विधानलाई नगरपालिकाको शिक्षा शाखाले निर्णयार्थ प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी निर्णय गर्ने र प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा शाखा प्रमुखले प्रमाणीकरण गरिदिने छ ।

**१२. शैक्षिक गुठी नविकरण :** शैक्षिक गुठीमा सञ्चालन भएका विद्यालयहरुले प्रत्येक वर्ष (आर्थिक वर्ष समाप्त भएपछि ) नविकरणका लागि शिक्षा शाखामा आवश्यक कागजात (कर चुक्ता, लेखापरिक्षण प्रतिवेदन, नगरपालिकामा रु. १००० रसिद ) सहित पेश गनुपर्ने छ ।

**१३. व्याख्या, संशोधन र खारेजी :** यस कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

**१४. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ र कार्यविधिको कुनै व्यवस्था प्रचलित कानून सँग बाझिएको खण्डमा स्वतः अमान्य हुनेछ ।

## अनुसूची १

(दफा ३ को उपदफा १ सँग सम्बन्धित)

**शैक्षिक गुठी दर्ताको लागि दिइने निवेदनको ढाँचा**

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

मिर्चैया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

मिर्चैया, सिरहा ।

विषयः शैक्षिक गुठी दर्ता गरीदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा हामी ……… जना गुठीयारहरु मिलेर शैक्षिक गुठी स्थापना गरी शैक्षिक क्रियाकलापहरु (विद्यालय) सञ्चालन गर्ने योजना रहेकोले तपसिलका कागजात सहित २ प्रति विधान पेश गरेका छौ । उक्त विधान बमोजिम सार्वजनिक/निजी शैक्षिक गुठी दर्ता गरीदिनु हुन सादर अनुरोध गर्दछौं ।

निवेदकहरुः

१.

२.

३.

संलग्न कागजातहरु

१. शैक्षिक गुठीको विधान - २ प्रति,

२. सम्पूर्ण गुठीयारहरुको नागरिकताको प्रतिलिपि,

३. गुठी सञ्चालकको नाम र निजको मञ्जुरी सम्बन्धी लिखतको प्रतिलिपि,

४. गुठी स्थापना गर्न कुनै लिखत भएको रहेछ भने त्यस्तो लिखतको प्रतिलिपि,

५. गुठी संस्थापकको पहिचान सम्बन्धी विश्वसनीय लिखत र कुनै संगठित संस्था गुठीको संस्थापक भए त्यस्तो संगठित संस्थाको स्थापना सम्बन्धी लिखतको प्रमाणित प्रतिलिपि र गुठी संस्थापना सम्बन्धमा त्यस्तो संगठित संस्थाको निर्णयको प्रमाणित प्रतिलिपि ।

(६) अन्य आवश्यक कागजातहरु

## अनुसूची २

(दफा ४ सँग सम्बन्धित)

**मिर्चैया नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**
**मिर्चैया, सिरहा ।**

**प्रमाणपत्र**

यस मिर्चैया नगरपालिका वडा नं..... ....... स्थित श्री............ लाई स्थानीय सरकार सञ्चालन ऐन २०७४, शिक्षा ऐन, २०२८ (संशोधन सहित) र शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अधिनमा रही मिर्चैया नगरपालिका शैक्षिक गुठी दर्ता सम्बन्धी कार्यविधि-२०८३ को दफा ३ बमोजिमको प्रक्रिया पुरा गरी सार्वजनिक/निजी शैक्षिक गुठीको रुपमा यस कार्यालयमा दर्ता गरिएकोले दफा ४ बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ ।

शैक्षिक गुठी दर्ता नं.
मिति :

................................
प्रमुख प्रशासकीय अधिकृत/शिक्षा शाखा प्रमुख

## अनुसूची ३

(दफा ३ को उपदफा १ (ङ) सँग सम्बन्धित)

### शैक्षिक गुठीयारको व्यक्तिगत विवरण

फोटो

१ नाम/थरः ..............................................................

२ बुवा/आमा/बाजेको नामः ..........................................

३ स्थायी ठेगाना : .......................................................

४. अस्थायी ठेगाना :.......................................................

५. सम्पर्क नं. :.............................................................

६. इमेल ठेगाना :..........................................................

७. शैक्षिक योग्यता :......................................................

८. नगरिकताको प्रमाणपत्र नं/राष्ट्रिय परिचय पत्र नं. : .................

९.गुठीको प्रकार र गुठीयार भई काम गर्ने पद :..............................

१०. दफा ७ बमोजिम अयोग्य रहे/नरहेको ..........................

औठा छाप

| दायाँ | बाँया |
|---|---|
| | |

विवरण पेश गर्ने व्यक्तिको :

नामः

हस्ताक्षर :

आज्ञाले

केशव प्रसाद रिजाल

प्रमुख प्रशासकीय अधिकृत